# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट
# आ.व. २०७७/७८ मा सम्पादन भएका कार्यहरुको विवरण




नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
मकवानपुर

# विषय सूची


| | |
|---|---|
| १. विविध तथ्याङ्कहरु | १-३ |
| २. पूँजीगत तर्फ कूल खर्चको विवरण | ४ |
| ३. चालु तर्फ कूल खर्चको विवरण | ४ |
| ४. शान्ति सुरक्षा र अमनचयन | ५ |
| ५. सेवा प्रवाह | ५-६ |
| ६. कार्यालय व्यवस्थापन | ६ |
| ७. भौतिक पूर्वाधार निर्माण | ६ |
| ८. सडक व्यवस्थापन | ६-७ |
| ९. पेट्रोलियम पदार्थ ढुवानी | ७ |
| १०. लागूऔषध निषेध र व्यवस्थापन | ७ |
| ११. अवैध मदिरा नियन्त्रण अभियान | ७-८ |
| १२. बजार अनुगन | ८ |
| १३. औद्योगिक क्षेत्र व्यवस्थापन | ८ |
| १४. विपद् व्यवस्थापन | ८-९ |
| १५. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन | ९-१० |
| १६. सूचनाको हक | १० |
| १७. अन्य | १० |


भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०७७/०७८ मा सम्पादन भएका कार्यहरु

| क. प्रशासन शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७६/०७७) | आ.व. २०७७/०७८ | कैफियत |
| १ | संस्था दर्ता | ५१ | ६० | |
| २ | संस्था नवीकरण | २३३ | २६४ | |
| ३ | नावालक परिचयपत्र | १६७ | १०८ | |
| ४ | विवाह दर्ता | - | - | |
| ५ | उजुरी तथा गुनासो | १४१ | ११४ | |
| ६ | पत्रपत्रिका दर्ता | १ | ३ | |
| ७ | छापाखाना दर्ता | - | - | |
| ८ | विविध सिफारिस | ५०० | २०५ | |
| ९ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | - | |
| १० | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | - | |
| ११ | हातहतियार दर्ता | - | - | |
| १२ | हातहतियार नविकरण | २७ | २६ | |
| १३ | हातहतियार नामसारी | - | - | |
| १४ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | १३ | २४ | |

| ख. नागरिकता शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७६/०७७) | आ.व. २०७७/०७८ | कैफियत |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ७,९१८ (पुरुष : ३७९९, महिला: ४११८, अन्य: १) | ११,०१३ (पुरुष : ५०७७, महिला: ५९३६) | |
| २ | प्रतिलिपि नागरिकता वितरण | ५,१४९ (पुरुष : ३४४७, महिला: १७०२) | ९,४०० (पुरुष : ५९२२, महिला: ३४७८) | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | ९ | ५ | |
| ४ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | - | - | |
| ५ | जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता | - | - | |
| ६ | पुरानो नागरिकता अभिलेखिकरण | ४,५१६ | - | |

| ग. राहदानी शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७६/०७७) | आ.व. २०७७/०७८ | कैफियत |
| १ | साधारण सिफारिस | ४३७४ | ३४६५ | |
| २ | द्रुत सिफारिस | २९५१ | १९३१ | |

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| ३ | राहदानी वितरण | ३५२४ | २२०९ | |
| ४ | वितरण हुन बाँकी राहदानी | ८५० | १२५६ | |
| **घ. लेखा शाखा (राजश्व तर्फ)** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या/रकम (आ.व. २०७६/०७७)** | **आ.व. २०७७/०७८** | **कैफियत** |
| १ | संस्था दर्ता (नवीकरण सहित) | ३,४२,५७५/- | ५,४२,६४०/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | २२,५२१/- | ३६,९०८।५० | |
| ३ | राहदानी दस्तुर | २,२५,१०,०००/- | १,७५,९५,०००।- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | - | ५,५२,३५०/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | १७,२६,७७७/- | ३४,२८,३४३/- | |
| ६ | न्यायिक दण्ड, जरिवाना र जफल | - | - | |
| ७ | परीक्षा दस्तुर | ३,२००/- | १०,०००/- | |
| ८ | बेरुजु असुली | - | - | |
| ९ | सरकारी सम्पत्ति विक्री | ४४,५००/- | - | |
| १० | धरौटी | १,२०,०७,३७८।०७ | १,२०,५४,९९८।८६ | |
| ११ | विपद् (आगजनी, चट्याङ, वर्षा) | २६,०५,०००/- | २३,५५,०००/- | |
| १२ | विपद् (भूकप्प पीडित) (न्यानो कपडा) | - | - | |
| १३ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | ७,५३,७८६/- | ६,२३,२००/- | |
| १४ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | - | - | |
| १५ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | १,०७,००,०००/- | ६८,५०,०००/- | |
| १६ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | ९,५७,२५६।८२ | ५३,५१,९०८।४५ | |
| **कार्यालय तर्फ** | | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | ३,३०,०७,८२३/- | २,५१,७३,८२६/- | |
| २ | चालु तर्फ कूल खर्च | २,१८,३०,९००।९८ | २,२७,४२,२१६/- | |
| **ङ. मुद्दा शाखा** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७६/०७७)** | **आ.व. २०७७/०७८** | **कैफियत** |
| १ | हातहतियार | - | - | |
| २ | केही सार्वजनिक अपराध (अभद्र व्यवहार गरेको) | २९२ | १३७ | |
| ३ | कालो बजारी | १ | १ | |
| ४ | खाद्य | ८ | ५ | |
| ५ | क्षतिपूर्ती | ५ | ६ | |
| ६ | जुवा | ५ | ६ | |
| ७ | स्वास्थ्यकर्मी तथा संस्थाको सुरक्षा सम्बन्धी | - | १ | |
| **यस आ.व. को जम्मा दर्ता** | | ३११ | १५६ | |
| **गत आ.व. को जिम्मेवारी सरी आएको संख्या** | | ७७ | ५१ | |
| **यस आ.व. मा फर्छ्यौट भएको संख्या** | | ३३७ | १७१ | |

भरत मणि पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| फैसला हुन बाँकी मुद्दाको संख्या | | ५१ | ३६ | |
| **च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७६/०७७)** | **आ.व. २०७७/०७८** | **कैफियत** |
| १ | खाद्य नमूना संकलन | २९ | ६७ | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | ८ | ५ | |
| **छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७६/०७७)** | **आ.व. २०७७/०७८** | **कैफियत** |
| १ | खाद्यान्न, होटल र अन्य विविध | १० पटक | ११ पटक | विभिन्न होटल, रेष्टुरेन्ट, किराना पसल, वीउबीजन तथा किटनाषक औषधी पसल, फलफूल तथा तरकारी पसल, विभिन्न मेडिकल ल्याबहरु, प्याथोलोजीहरु, मिठाई पसल, दैनिक उपभोग्य वस्तु विक्री गर्ने पसल, माछामासु पसल, पशु बधशाला, हार्डवेयर पसल, मदिरा पसल, पेय पदार्थ डिलर, पानी उद्योग आदि । |
| **ज. कार्यालय अनुगमन** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७६/०७७)** | **आ.व. २०७७/०७८** | **कैफियत** |
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | ४ (चार) पटक | १ (एक) पटक | |

भरत मणि पाण्डे
प्रमुख जिल्ला अधिकारी

## पूँजीगत तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| ३१११२ | भवन निर्माण | २३३७९४०४/- | २३३७५७६४/- |
| ३११२२ | मेशिनरी तथा औजार | ३०००००/- | २९८२४०/- |
| ३११२३ | फर्निचर | १५०००००/- | १४९९८२२/- |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | - |
| | जम्मा | २५१७९४०४/- | २५१७३८२६/- |

## चालु तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३५४२०००/- | १३२९८००८।२० |
| २११२१ | पोशाक | २६००००/- | २६००००/- |
| २११३२ | महंगी भत्ता | ६३१०००/- | ६२०९३३/- |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २५०००/- | २५०००/- |
| २११३९ | अन्य भत्ता | ६००००/- | ५९८००/- |
| २१२१२ | योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १५०००/- | - |
| २१२१३ | योगदानमा आधारित बिमा खर्च | १२७०००/- | १२५२००/- |
| २२१११ | पानी तथा बिजुली | ६५७०००/- | ६०३४५६/- |
| २२११२ | सञ्चार महशुल | २५२०००/- | २५११११/- |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ८३८०१०/- | ८३७६६३/- |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६२५०००/- | ६२५०००/- |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | २५००००/- | २५००००/- |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२५०००/- | २२५०००/- |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १४००००/- | १३८८८८/- |
| २२३११ | मसलन्द तथा कार्यलय सामाग्री | ८०००००/- | ८०००००/- |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००/- | ९९६८८/- |
| २२४१९ | अन्य सेवा शूल्क | ३०३५०००/- | २४९१६८९/- |
| २२५२२ | कार्यक्रम खर्च | १५००००/- | ११९०३०/- |
| २२५२९ | विविध कार्यक्रम खर्च | ८६२०००/- | १६००००/- |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५५००००/- | ५५००००/- |
| २२६१२ | भ्रमण खर्च | २१००००/- | २०८५५०/- |
| २२७११ | विविध खर्च | ३४००००/- | ३४००००/- |
| २७१११ | सामाजिक सुरक्षा | ६५७३००/- | ६५३२००/- |
| २७२१२ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | - | - |
| २८१४२ | घर भाडा | - | - |
| | जम्मा | २४३५१३१०/- | २२७४२२१६।२० |

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

## शान्ति सुरक्षा एवं अन्य महत्वपूर्ण कार्यहरु

**शान्ति सुरक्षा र अमनचयन**

- जिल्लामा शान्ति सुरक्षा विश्वसनीय र भरपर्दो तुल्याई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजनालाई अध्यावधिक गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतीजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक ४२ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयहरू तथा सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा., मकवानपुरको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षण हेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको स्थानीय तहसँग समन्वय गरी विवरण संकलन र अध्यावधिक गर्ने कार्य प्रारम्भ गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।

**सेवा प्रवाह**

- बंशजको आधारमा नयाँ नागरिकता ११,०१३ (पुरुष : ५०७७, महिला: ५९३६), वैवाहिक अंगिकृत नागरिकता ५ र प्रितिलिपि नागरिकता ५,१४९ (पुरुष: ३४४७, महिला: १७०२) वटा वितरण गरिएको ।
- ३४६५ वटा राहदानीको लागि साधारण सिफारिस गरिएको, २२०९ वटा राहदानी कार्यालयबाट वितरण गरिएको र १९३४ वटा द्रुत सिफारिस गरी राहदानी विभागमा पठाइएको ।
- संस्था दर्ता ६० तथा संस्था नवीकरण २६४ वटा गरिएको ।
- १०८ वटा नाबालक परिचयपत्र जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाइ हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फछ्र्यौट हुन बाँकी ५१ र चालु आ.व. मा दर्ता भएका १५६ वटा मुद्दा मध्ये १७१ वटा (८२.६१ प्रतिशत) मुद्दा फछ्र्यौट गरिएको ।
- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- वैदेशिक रोजगारीमा जानेहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा सुरक्षित आप्रवासन परियोजना मार्फत कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

- मानव वेचविखन तथा ओसार पसार नियन्त्रणका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूको समन्वयमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधिहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावकारी बनाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा **"वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी"** भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

**कार्यालय व्यवस्थापन**

- नियमित स्टाफ बैठक र गुनासोको सामूहिक समाधान गरिएको ।
- स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिकीकरण गरिएको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको । साथै, नयाँ नागरिकता बनाउन पेश हुन आएका कागज प्रमाणहरू स्क्यान गरी समेत राख्ने कार्य थालनी गरिएको ।
- सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि प्राथमिकतामा राखी सेवा प्रवाह गरिएको तथा सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रबन्ध गरिएको ।
- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको ।

**भौतीक पूर्वाधार निर्माण**

- कार्यालयको नयाँ भवन निर्माण कार्य सम्पन्न पश्चात् नयाँ भवनबाट सेवा प्रवाह आरम्भ गरिएको ।
- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको प्रबन्ध, महिला पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्नुका साथै नियमित सरसफाईको पनि व्यवस्था गरिएको ।
- कार्यालय परिसरभित्र निर्णमा गरिएको स्तनपान कक्षलाई थप व्यवस्थित बनाईएको ।
- सेवाग्राहीहरूका निम्ति सेवाग्राही प्रतिक्षा कक्ष निर्मण गरिएको ।

**सडक व्यवस्थापन**

- सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ बमोजिम स्वीकृति नलिएका सडक छेउ तथा फुटपाथ राखेका निर्माण सामग्री र खुद्रा पसल तत्काल बन्द गराइएको ।
- मानवीय कारणले राजमार्ग (सडक) अवरोध भएको अवस्थामा १० मिनेटभित्र प्रहरी कारबाही शुरू गरी राजमार्ग (सडक) तत्काल सुचारू गर्ने व्यवस्था मिलाइएको ।

- HIT and RUN लाई नियन्त्रणमा लिन विभिन्न निकायहरूको सहयोगमा हेटौडा उ.म.न.पा.को हेटौडा बजार क्षेत्र, चौघडा, लेवट र भिमफेदी बजार क्षेत्र गरी ४ स्थानमा जम्मा ४७ वटा CCTV Camera जडान गरी निगरानीमा राखिएको ।

**पेट्रोलियम पदार्थ ढुवानी**

- मकवानपुर जिल्लामा पेट्रोलियम पदार्थको विक्री वितरणलाई सहज तुल्याईएको । साथै, बन्द हड्तालको समयमा पेट्रोलियम पदार्थको ढुवानी कार्यमा प्रयोग हुने ट्याङ्करहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले स्कटिङ गर्ने व्यवस्था मिलाइएको ।
- पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रहेका हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुलाई अनिवार्यरुपमा पम्पहरु खुला राख्ने व्यवस्था मिलाइएको ।
- हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।

**लागूऔषध निषेध र व्यवस्थापन**

- लागूऔषध नियन्त्रण कार्ययोजना, २०७६ बमोजिम जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- गाँजा, अफिम लगायतका लागू पदार्थजन्य खेती नष्ट गरिएको ।(४६२ विगाहा १ कठ्ठा क्षेत्रफलको गाँजा तथा ४१ विगाहा १० कठ्ठा क्षेत्रफलको अफिम खेती फडानी तथा नष्ट गरिएको)
- बरामद गरिएको लागू औषधको विवरण

| गाँजा | चरेस | खैरो हेरोईन | अफिम |
|---|---|---|---|
| १७८७ किलो २९४३ ग्राम ७४० मि.ग्रा. | २२ किलो १५५८ ग्राम ३९८ मि.ग्रा. | १४ ग्राम ५५२ मि.ग्रा. | १४ किलो ७२५ ग्राम ४५० मि.ग्रा. |

- लागू औषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।

**अवैध मदिरा नियन्त्रण अभियान**

- अवैध मदिरा उत्पादन तथा विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा विक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा विक्री वितरण गर्ने पसल, डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही विक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर, आन्तरिक राजश्वक कार्यालय, मकवानपुर र उपभोक्ता हित

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

संरक्षण मञ्चको सहभागितामा नियमित अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

**बजार अनुगमन**

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- बजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।
- व्यवसायिहरुले व्यवसाय सञ्चालनका क्रममा पुर्याउनुपर्ने रीतहरुका साथै कानून विपरित व्यवसाय सञ्चालन गर्दा हुने कारवाही सम्बन्धी जानकारीका साथै अन्य सचेतनामूलक विषयवस्तुहरु स्थानीय सञ्चारमाध्यम मार्फत व्यवसायीमाझ सूचित गराउन हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडालाई अनुरोध गरिएको ।
- जिल्लामा सञ्चालित औषधी पसल, ल्याब, पोलिक्लिनिक र निजी अस्पतालहरुको नियमित अनुगमन गरिएको ।

**औद्योगिक क्षेत्र व्यवस्थापन**

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक क्षेत्र व्यवस्थापन र सडक खण्डको केन्द्र विन्दु निश्चित गर्न जिल्ला नापी कार्यालयबाट पुनः नापजाँचको व्यवस्था मिलाइएको ।
- हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई थप व्यवस्थित गर्दै नयाँ उद्योगहरुको स्थापनाका लागि अनुकूल वातावरण सिर्जना गरिएको र कृषिजन्य उद्योगहरुलाई प्राथमिकता दिई स्थापनाका लागि प्रोत्साहन गर्ने व्यवस्था गरिएको ।
- औद्योगिक वातावरणलाई सुरक्षित तुल्याई लगानीलाई प्रोत्साहन/भित्र्याउन हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुको प्रभावकारी सुरक्षाको व्यवस्था मिलाइएको ।

**विपद् व्यवस्थापन**

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ६ पटक बसेको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ (परिमार्जित तथा अध्यावधिक) कार्यान्वयन गरिएको ।
- मनसुन जोखिम न्यूनीकरण कार्ययोजना, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

➢ विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास जिल्लास्थित सुरक्षा निकायहरुले विभिन्न मितिमा सञ्चालन गरेका ।

➢ विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको ।

**कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन**

➢ जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक ५८ पटक सञ्चालन गरिएको ।

➢ कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि गरिएका मुख्य कार्यहरू:-

१. **सचेतना तथा प्रचार प्रसार:-** स्थानीय पालिकाहरू, स्थानीय सञ्चारमाध्यमहरू र उद्योग वाणिज्यसंघहरूमार्फत नियमित माइकिङ्ग एवं सूचनामूलक सन्देशहरू प्रवाह गरिएको ।

२. नियन्त्रणात्मक विधिहरू

- **निषेधाज्ञा जारी:-** मिति २०७८-०१-१८, २०७८-०१-३०, २०७८-०२-११, २०७८-०२-१९, २०७८-०२-३०, २०७८-०३-०६, २०७८-०३-१४, २०७८-०३-२०, २०७८-०३-२४, २०७८-०३-३१ गरी १० पटक जिल्लाभित्र निषेधाज्ञा जारी ।
- **अनुगमन:-** जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा विभिन्न मितिमा जारी गरिएको निषेधाज्ञाको अवधिमा निषेधाज्ञाको पालना, बजारमा अत्यावश्यक सामग्रीको आपूर्ति र वितरण, मूल्य वृद्धि नियन्त्रण लगायतका विषयमा विभिन्न उपसमितिहरू गठन गरी नियमित बजार अनुगमन गरिएको ।
- **दण्ड तथा जरीवाना:-** निषेधाको अवज्ञा गरी पसल तथा व्यवसाय सञ्चालन गर्ने, सवारी साधन सञ्चालन गर्ने, बिना मास्क सार्वजनिक स्थानमा हिंडडुल गर्नेहरू उपर दण्ड तथा जरीवाना गरिएको ।
  - संक्रामक रोग ऐन, २०२० बमोजिम ९८ जनालाई जम्मा रू.१०३००/- जरीवाना गरिएको ।
  - कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम ६९ जनालाई जम्मा रू.२३३१००/- जरीवाना गरिएको ।

३. उपचारात्मक विधिहरू

- **अस्पताल व्यवस्थापनमा सहयोग:-** कोभिड-१९ बिरामीहरूको उपचार गराउने सन्दर्भमा हेटौंडा अस्पताललाई आवश्यक नीतिगत एवं अन्य व्यवस्थापकीय सहयोग जिल्ला कोभिड व्यवस्थापन समिति मार्फत निर्णय गरी समन्वय र सहजीकरण गरिएको ।
- **स्वास्थ्यकर्मी परिचालन:-** कोभिड-१९ बाट संक्रमितहरूको उपचारका लागि स्थानीय पालिकाहरूसँग समन्वय गरी हेटौंडा अस्पताल र विभिन्न स्थानमा स्थापना गरिएका आइसोलेसन सेन्टरमा स्वास्थ्यकर्मीहरूको व्यवस्था एवं परिचालन गरिएको ।
- **अक्सिजन व्यवस्थापन:-** जिल्लाभित्र अक्सिजन उद्योग नरहेको अवस्थामा कोभिड-१९ संक्रमितहरूको उपचारका क्रममा आवश्यक अक्सिजन अक्सिजन उद्योग रहेका विभिन्न

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

जिल्लाहरूबाट नियमित आपूर्तिको व्यवस्था गरी बिरामीहरूको उपचारमा सहजीकरण गरिएको ।

४. **अन्तरनिकाय समन्वयः-** जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रादेशिक सरकार, स्थानीय तह र अन्य सम्बद्ध विभिन्न निकायहरूसँग समन्वय गरिएको ।

५. **खोप व्यवस्थापनः-** जिल्ला खोप समन्वय समितिलाई सक्रिय तुल्याई नियमित बैठक बसी नेपाल सरकारबाट प्राप्त कोभिड-१९ विरूद्धको खोप जिल्लाभित्र प्राथमिकता प्राप्त समूहहरूलाई लगाउने व्यवस्था मिलाइएको ।

- पहिलो मात्राको खोप लगाइएको संख्याः- ३३८३२
- दोस्रो मात्राको खोप लगाइएको संख्याः- १२८७६

**सूचनाको हक**

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धमा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका सूचना अधिकारीहरूसँग ३ (तीन) पटक बैठक बसेको ।

**अन्य**

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा अनुगमन, समन्वय तथा सहजीकरण गरिएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को अवैध उत्खनन् नियन्त्रण गरिएको । सबै खोला नालाहरूको वातावरणीय अध्ययन गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिएको ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय

हेटौडा-२, मकवानपुर
फोन नं. : ०५७-५२०४९५, ५२००१२
फ्याक्स : ०५७-५२३८२२
ईमेल : daomakawanpur@moha.gov.np
वेबसाईट : daomakawanpur.moha.gov.np
फेसबुक पेज : www.facebook.com/daomakawanpur